## उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक पुस्तिका

बैठक संख्या -१२०

आज मिति २०८२/०३/१८ गतेको दिन यस उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री माधवप्रसाद अर्यालज्यूको अध्यक्षतामा तपसिलका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी देहायका निर्णयहरु गरियो।

<u>उपस्थिति</u>

| क्र.स | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री माधवप्रसाद अर्याल | अध्यक्ष | |
| २ | श्री चमेली गुरुङ | उपाध्यक्ष | |
| ३ | श्री मार सिङ तामाङ | वडा अध्यक्ष | |
| ४ | श्री टुकु प्रसाद सुवेदी | वडा अध्यक्ष | |
| ५ | श्री लालबहादुर तामाङ लामा | वडा अध्यक्ष | |
| ६ | श्री अमर बहादुर बुलुन | वडा अध्यक्ष | |
| ७ | श्री यमनाथ आचार्य | वडा अध्यक्ष | |
| ८ | श्री बुटी तामाङ | सदस्य | |
| ९ | श्री ज्ञानु विश्वकर्मा | सदस्य | |
| १० | श्री शान्ती माया तामाङ | सदस्य | |
| ११ | श्री पुतली विश्वकर्मा | सदस्य | |
| १२ | श्री पुर्ण बहादुर घले | सदस्य | |
| १३ | श्री राम बहादुर विश्वकर्मा | सदस्य | |
| १४ | श्री होमनाथ दाहाल | सचिव | |

उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक निर्णय पुस्तिका

बैठक संख्याः १२०　　　　　　　　　　　　　　　　　　　　　　मितिः २०८२/०३/१८

**प्रस्तावहरु**

१. सहकारी अनुगमन प्रतिवेदन सम्बन्धमा।

२. पौष औंसीको खाना खुवाए वापतको रकम भुक्तानी सम्बन्धमा।

३. विपद् पूर्व अभ्यास (मनसुन-५) कार्यक्रमको रकम भुक्तानी सम्बन्धमा

४. उत्तरगया-२ खड्कु पुच्छारको भू-भौतिक(Geo-Physical Assessment) को भुक्तानी सम्बन्धमा।

५. वृक्षारोपण कार्यक्रमको रकम भुक्तानी सम्बन्धमा।

६. छात्रवृति व्यवस्थापन समितिको निर्णय अनुमोदन सम्बन्धमा।

७. सडक बालवालिका मुक्त स्थानीय तह घोषणा सम्बन्धमा।

**निर्णय नं.१**

यस गाउँपालिकाको नियामक क्षेत्रभित्र पर्ने सहकारी संस्थाहरुको नियमित अनुगमन गर्ने कार्यक्रम अनुसार विभिन्न मितिमा सहकारी अनुगमन गरी समितिले अनुगमन प्रतिवेदन पेश गरेकोमा उक्त अनुगमनको प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं.२**

यस गाउँपालिकाको पवित्र धार्मिक स्थल उत्तरगया धाममा श्री पन्चधाम सेवा केन्द्र नेपालले २०८१ पौष १५ मा निःशुल्क भोजन कार्यक्रममा खाना खुवाएकोमा उक्त सेवा केन्द्रलाई वेत्रावतीधाम मेला व्यवस्थापन तथा संचालन (पौष औंसी) खर्च शीर्षकबाट रकम रु.८७,५५०/– (अक्षरेपी सतासी हजार पाँच सय पचास रुपैंया मात्र) भुक्तानी गर्ने निर्णय गरियो।

**निर्णय नं.३**

उत्तरगया गाउँपालिका, नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीको संयुक्त आयोजनामा उत्तरगया गाउँपालिका वडा नं ४ स्थित पैरेवेशीमा विपद् प्रतिकार्य (मनसुन-५) अभ्यासमा सहभागी कर्मचारी, नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी, विद्यार्थी र स्काउटलाई खाना र खाजा वापत खर्च भएको रकम रु.८९,३००/- (अक्षरेपी उनान्नब्बे हजार तिन सय रुपैंया मात्र) विपद् व्यवस्थापन शीर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो।

**निर्णय नं.४**

उत्तरगया गा.पा-२ खड्कु पुच्छारको Geo-Physical Assessment गर्न मितिः २०८२।०१।१० गतेको निर्णय गरेकोमा उक्त निर्णय अनुसार प्रतिस्पर्धात्मक विधिबाट छनौट भएको श्री हिमालयन अर्थ साइन्स रिसर्च सेन्टर एण्ड सोलुसन प्रा.लि ले कार्यदिश बमोजिमको कार्य सम्पन्न गरेकोले उक्त

बैठक संख्याः १२०                                                                                    मितिः २०८२/०३/१८

प्रा.ली. लाई सम्झौता भए बमोजिमको रकम रु.४,३०,५३०/- (अक्षरेपी चार लाख तिस हजार पाँच सय तिस रुपैंया मात्र) विपद् व्यवस्थापन शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

**निर्णय नं.५**

विश्व वातावरण दिवसको अवसरमा वृक्षारोपण गरिएका विरुवाहरु लगातारको रुखो घामका कारण मर्न थालेको हुँदा उक्त विरुवाहरुमा पानी हाल्नका लागि डोर हाजिरमा २ जनालाई ८ दिन काममा लगाइएको हुँदा उक्त कार्यको विपद् व्यवस्थापन शीर्षकबाट रु.१३,६००/-(अक्षरेपी तेह्र हजार छ सय रुपैंया मात्र) रकम भुक्तानी गर्ने निर्णय गरियो।

**निर्णय नं.६**

उत्तरगया गाउँपालिकाको छात्रवृति व्यवस्थापन समितिको मिति २०८२।०३।१८ गते बसेको छात्रवृति व्यवस्थापन समितिले तपसिल बमोजिमका विद्यार्थीहरुलाई छात्रवृति प्रदान गर्ने गरी गरेको निर्णय अनुमोदन गर्ने निर्णय गरियो।

**तपसिल**

| क्र.स | नाम,थर | ठेगाना | आवेदन दिएको विषय |
|---|---|---|---|
| १ | मनिल गलान | उत्तरगया गा.पा-४, रसुवा। | सिभिल इन्जिनियर |
| २ | समिर आचार्य | उत्तरगया गा.पा-५, रसुवा। | सिभिल इन्जिनियर |
| ३ | दिव्या आचार्य | उत्तरगया गा.पा-५, रसुवा। | MBBS |
| 4 | रसिक पौडेल | उत्तरगया गा.पा-५, रसुवा। | सिभिल इन्जिनियर |
| ५ | रोजिना तिमल्सिना | उत्तरगया गा.पा-३, रसुवा। | CSIT |
| ६ | प्रतिमा थापा क्षेत्री | उत्तरगया गा.पा-४, रसुवा। | हेल्थ असिस्टेन्ट |
| ७ | मालती वाईवा | उत्तरगया गा.पा-४ रसुवा। | हेल्थ असिस्टेन्ट |
| ८ | निर्जरा गुरुङ्ग | उत्तरगया गा.पा-२, रसुवा। | हेल्थ असिस्टेन्ट |
| ९ | सिर्जीला कुमारी घले | उत्तरगया गा.पा-२, रसुवा। | स्टाफ नर्स |

**निर्णय नं.७**

उत्तरगया गाउँपालिका अन्तर्गत सबै वडा कार्यालयहरुबाट सडक बालवालिका मुक्त वडाहरु घोषणा भएको जानकारी प्राप्त भएको हुँदा सडकका बालवालिका विशेष संरक्षण एकिकृत कार्यविधि, २०८२ को दफा २७ (१) बमोजिम उत्तरगया गाउँपालिकालाई सडक बालवालिका मुक्त गाउँपालिका घोषणा गर्ने निर्णय गरियो।